बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०८१ वैशाख १२ गतेका दिन बेसीशहर नगर पालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको ३५ (पैतीसौं) औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

## उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | | श्री गुमानसिंह अर्याल |
| उप. प्रमुख | | श्री पद्मा गुरुङ |
| प्रमुख प्रशासकीय अधिकृत | | श्री चेतनाथ अर्याल |
| वडा अध्यक्ष, | वडा नं. १ | श्री दुर्गा बहादुर बुढाथोकी |
| " | " २ | श्री मदन बहादुर राना |
| " | " ३ | श्री चित्र बहादुर दर्लामी |
| " | " ४ | श्री राम बहादुर गुरुङ |
| " | " ५ | श्री इन्द्र बहादुर गुरुङ |
| " | " ६ | श्री प्रकाश थापा |
| " | " ७ | श्री ऋषिराम बस्नेत |
| " | " ८ | श्री पवित्रा थापा राना |
| " | " ९ | श्री खुसिजंग गुरुङ |
| " | " १० | श्री गंगा बहादुर थापा |
| " | " ११ | श्री शिव प्रसाद जोशी |
| कार्यपालिका सदस्य | | श्री हिरालाल विश्वकर्मा |
| " | " | श्री श्रीनाथ दुलाल |
| " | " | श्री कल्पना थापा बोहरा |
| " | " | श्री विमला न्यौपाने अधिकारी |
| " | " | श्री सुकमाया गुरुङ |
| " | " | श्री सुकमाया घर्ती |
| " | " | श्री मनिता परियार |

## सहयोगी कर्मचारीहरुको उपस्थिति

| | |
|---|---|
| योजना / प्रशासन शाखा प्रमुख | श्री शम्भु प्रसाद घिमिरे |
| सामाजिक शाखा प्रमुख | श्री मेघेन्द्र पोखरेल |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०१/१२ गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**

**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**<u>नगर कार्यपालिकाको मिति २०८१/०१/१२ गतेको बैठकका प्रस्तावहरु</u>**

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. दोश्रो चौमसिक अवधीको आय व्यय सम्बन्धमा ।
३. बार्षिक योजना तर्जुमा कार्यतालिका सम्बन्धमा ।
४. प्राकृतिक श्रोत उपयोग कर(ढुंगा गिटी बालुवा) को सम्बन्धमा ।
   - ठेक्का लगाउने सम्बन्धमा ।
   - सूचना प्रकाशन गर्ने सम्बन्धमा ।
   - कार्यदल गठन सम्बन्धमा ।
५. योजना तथा कार्यक्रम संशोधन/ब्रेक डाउन सम्बन्धमा । (वडा नं २, ३, ४, १)
६. एकिकृत नगर सेवा प्रणालीको सम्बन्धमा ।
७. रजिष्ट्रेशन शुल्कको सम्बन्धमा । ( शहरी स्वास्थ्य केन्द्र बेनपा २ र स्वास्थ्य चौकी बेनपा ४)
८. विविध
   - योजना तर्जुमा सम्बन्धी बैठकको सम्बन्धमा ।
   - तालिम सञ्चालन अनुमति सम्बन्धमा ।
   - स्वाथ्य शिविर सम्बन्धमा ।
   - स्वास्थ्य संस्था सञ्चालन सहयोगतर्फको कार्यक्रम सम्बन्धमा ।
   - सूचीकृत हुने सम्बन्धमा ।

**<u>बैठकबाट पारित निर्णयहरु</u>**

<u>निर्णय नं १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।</u>

मिति २०८०/१२/२८ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको प्रगति अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

<u>निर्णय नं २ : दोश्रो चौमासिक अवधीको आय-व्यय विवरण सम्बन्धमा ।</u>

यस बेसीशहर नगरपालिकाको चालु आ.व.२०८०/०८१ को दोश्रो चौमासिक अवधीको देहाय वमोजिमको आय व्यय विवरण यस कार्यपालिका बैठकमा प्रस्तुत भै जानकारी भयो।

<u>आयतर्फ</u>

कुल प्रस्तावित आय : रु. ७७ करोड ५० लाख २९ हजार ६००

वास्तविक आय : रु. ४० करोड १९ लाख ५४ हजार १०२ ( ५१.८६ %)

<u>व्ययतर्फ</u>

कुल चालु बजेट रु. ५२ करोड ११ लाख १६ हजार ६०० (कुल बजेटको ६७.२४%)

गुमान सिंह अर्याल
नगर प्रमुख

नगरपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०१/१२ गतेको बैठक

कुल चालु खर्च रु. २१ करोड ८३ लाख २९ हजार १७५ (४१.९%)
कुल पूँजीगत बजेट रु. २५ करोड ३९ लाख १३ हजार (कुल बजेटको ३२.७६%)
कुल पूँजीगत खर्च रु. ६ करोड ७७ लाख ०६ हजार २९७ (२६.६७%)

**निर्णय नं ३ः आर्थिक बर्ष २०८१/८२ को बार्षिक योजना तर्जुमा सम्बन्धमा ।**

आगामी आर्थिक बर्ष २०८०/८१को बार्षिक नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमाको सन्दर्भमा देहाय अनुसारको कार्यक्रमहरु देहायको मितिमा सञ्चालन गर्ने निर्णय गरियो ।

देहायः

१. चालु आ.व.को नीति, कार्यक्रम तथा बजेटको अवस्था विश्लेषण गोष्ठीः२०८१ बैशाख २४
२. आ.व.२०८१/८२ को बजेटका सिद्दान्त तथा प्राथमिकता निर्धारणको लागि कार्यपालिका बैठकः २०८१ बैशाख २७
३. पूर्व बजेट छलफल गोष्ठीः २०८१ बैशाख ३१
४. आन्तरिक आय अनुमानको लागि राजश्व परामर्श समितिको बैठकः २०८१ जेठ २
५. श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकः२०८१ जेष्ठ ४
६. बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणका आधार, बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनको लागि कार्यपालिका बैठकः २०८१ जेष्ठ ६
७. वडा र शाखाहरुमा बजेट सीमा र मार्गदर्शन पठाउनेः २०८१ जेष्ठ ८ गते भित्र
८. वडाहरुमा बस्ती/टोलस्तरीय भेलाः २०८१ जेष्ठ १२ गतेभित्र
९. वडास्तरीय योजना तर्जुमा गोष्ठीः २०८१ जेष्ठ २० गते भित्र
१०. विषयगत समितिहरुको बैठकः
    - आर्थिक विकास समितिः २०८१ जेष्ठ २१
    - सामाजिक विकास समितिः २०८१ जेष्ठ २२
    - पूर्वाधार विकास समितिः २०८१ जेष्ठ २३
    - वन,वातावरण तथा विपद् व्यवस्थापन समितिः २०८१ जेष्ठ २४
    - संस्थागत विकास, सेवा प्रवाह र सुशासन समितिः २०८१ जेष्ठ २४
११. बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकः २०८० जेष्ठ ३० गते
१२. नगर कार्यपालिका बैठकः २०८१ असार ५
१३. नगरसभाको १५ औं अधिवेशन आह्वानः (नीति, कार्यक्रम तथा बजेट पेश) २०८१ असार १०

**निर्णय नं ४ः प्राकृतिक श्रोत उपयोग कर(ढुंगा गिटी बालुवा) को सम्बन्धमा ।**

(क) यस नगरपालिकाको कार्यक्षेत्र अन्तर्गत रहेका विभिन्न घाटहरुमा ठेक्का प्रक्रियाद्वारा नदिजन्य पदार्थ उत्खनन्, संकलन गरी विक्री वितरण गरी राजश्व संकलन गर्ने सिलसिलामा अधिकांश घाटहरुमा पटक पटक सूचना प्रकाशित हुँदा समेत ठेक्का नलागेका कारण सो शीर्षकमा अपेक्षित राजश्व संकलन हुन नसकेकोले आन्तरिक श्रोत परिचालनमा तीब्र चाप परेको अवस्था,

गुमान सिंह अर्याल
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०१/१२ गतेको बैठक

यस कार्यालयको तेश्रो पटकको सूचना अनुसार रिठ्ठेबगर घाट (ठेक्का नं १३) मा ठेक्का प्रक्रियाको लागि एकमात्र बोलपत्र फारम पेश गर्ने श्री प्रवेश ब्रदर्श कन्स्ट्रक्शन, काठ्माण्डौको बोलपत्र फारम (कवोल अंक ४० लाख १ हजार मात्र) मिति २०८०/०५/२२ मा स्वीकृत भएको, विभिन्न कारणवश समयमा सम्झौता हुन नसकेकोमा मिति २०८०/११/१६ मा सम्झौता गर्न आउने वा नआउने बारे जानकारी गराउन सूचित गरेकोमा सम्झौता गर्न आउने व्यहोरा जानकारी गराएकोले यस कार्यपालिकाको मिति २०८०/१२/१२ को बैठकबाट नीजसंग सो स्वीकृत ठेक्काको सम्झौता प्रक्रिया अगाडि बढाउने व्यहोराको निर्णय समेत भएको,

तेश्रो पटकको ठेक्का सूचना वमोजिम सो स्वीकृत ठेक्का सम्झौता हुँदा नीजले गरेको कवोल अंक ४० लाख १ हजार को लाग्ने मूल्य अभिबृद्दि कर(VAT) र अन्य करहरु साथै कवोल अंकको ५०% ले हुन आउने रकमको बैंक भौचर एवम् बाँकी ५०% को बैंक जमानत पेश गरी सम्झौता हुनुपर्नेमा र सो सवै रकम २०८० चैत मसान्त भित्र बुझाईसक्नु पर्नेमा १५ लाखको बैंक भौचर र २५ लाख ५ सयको बैंक जमानत (ग्लोबल आइएमई बाट मिति डिसम्बर २२, २०२३ जारी, नं PBHU523NPR03216) पेश गरी लाग्ने कर पछि दाखिला गर्ने गरी सम्झौता गर्न आएकोमा समयमा सम्झौता हुन नसकेको र सो सम्बन्धमा कार्यपालिका बैठकमा पटक पटक छलफल समेत भएको,

हाल निजले कवोल अंकको ५०% वापत २१ लाखको बैंक भौचर र २५ लाख ५ सय बराबरको डिसेम्बर १५, २०२४ सम्म म्याद कायम रहेको बैंक जमानत पेश गरी कार्यालयले तोकेको अवधी भित्र लाग्ने सम्पूर्ण कर र कवोल अंकको तिर्नुपर्ने सम्पूर्ण बाँकी रकम नगद बुझाई सक्ने र नबुझाएमा सो बैंक जमानतबाटै कार्यालयले असूल उपर गर्न सक्ने भनि मञ्जुर भएको भन्ने व्यहोरा साथ सम्झौताका लागि अनुरोध गर्दै उपस्थित भएको अवस्था,

सो घाटमा नीज बाहेक अन्य बोलपत्रदाता नरहेकोले नीजको ठेक्का रद्द गरी नीजपछि सवैभन्दा बढी रकम कवोल गर्ने बोलपत्रदाताको ठेक्का स्वीकृत गर्न सकिने अवस्था नरहेको, ठेक्का रद्द गरी अव अर्को सूचना प्रक्रियाद्वारा बोलपत्र आह्वान गर्न समयले सम्भव नरहेको, ठेक्का रद्द गर्दा जम्मा भएको नदिजन्य पदार्थ नदिले बगाई लैजाने भएकोले राजश्व गुम्न जाने, चोरी तस्करी हुन सक्ने, अन्य प्रक्रियाद्वारा सो स्थानमा रहेको नदिजन्य पदार्थ बिक्री गर्दा उल्लेखित कवोल अंक बराबरको राजश्व संकलन हुन सक्ने अवस्था नदेखिंदा नीज हालसम्म पनि सो स्वीकृत ठेक्का सम्झौता गरी सो घाटको नदिजन्य पदार्थ उत्खनन्, संकलन गर्न मञ्जुर रही रहेको अवस्थामा सो क्षेत्रमा प्राप्त हुन सक्ने राजश्व गुम्न/खेर जान नदिन जरुरी देखिएकोले नीजले २१ लाख बराबरको बैंक भौचर पेश गरी सकेको सन्दर्भमा सो ठेक्का सम्झौता प्रक्रिया अगाडि बढाउन मिति २०८१/०१/११ गतेको राजश्व परामर्श समितिको बैठकबाट समेत निर्णय भएको हुँदा सो बैंक भौचर बाहेकको कवोल अंकको नपुग सम्पूर्ण रकम र लाग्ने कर आगामी २०८१ जेष्ठ १५ गतेभित्र बुझाउनुपर्ने, नबुझाएमा कवोल अंकको नपुग सम्पूर्ण बाँकी रकम र लाग्ने सबै कर सो बैंक जमानतबाट असूल उपर गर्न सक्ने गरी यस आ.व.को लागि सो स्वीकृत ठेक्काको ठेक्का सम्झौता गर्ने निर्णय गरियो ।

(ख)पटक पटक ठेक्का सूचना प्रकाशित हुँदा समेत ठेक्का नलागेका घाटहरुमा जम्मा भएको ढुंगा, गिटी, बालुवा बर्षाद शुरु भएपछि नदिले बगाई लैजाने र त्यसबाट प्राप्त हुन सक्ने राजश्व गुम्न जाने देखिएकोले

गुमान सिंह अर्याल
नगर प्रमुख

सो नदिजन्य पदार्थ संकलन,उत्खनन् गरी नियमानुसार लाग्ने राजश्व बुझाई बिक्री गरी लैजान अनुमति पाउन फुटकर निवेदन प्राप्त भैरहेको सन्दर्भमा त्यसरी ठेक्का नलागेका/सम्झौता हुन नसकेका/सम्झौता नभएका घाटहरुमा नदिले बगाई ल्याई थुपारी जम्मा भएको ढुंगा, गिटी, बालुवा बिक्री गरी लैजान इच्छुक भए ७ दिनभित्र निवेदन दिन सूचना प्रकाशित गर्ने । सो समयमा कुनै स्थान विशेषका हकमा कुनै निवेदन नपरेमा त्यसपछि पहिलो आउने निवेदन मध्येबाट प्राथमिकता दिई बिक्री गर्ने व्यवस्था मिलाउने ।

(ग) प्राप्त निवेदन अनुसार स्थलगतरुपमा प्राविधिक खटाई प्राप्त इष्टिमेटको आधारमा संकलन र उत्खनन् हुन सक्ने नदिजन्य पदार्थको नियमानुसार लाग्ने राजश्व र कर वापत नगद अग्रिम जम्मा गरी बिक्री गर्न दिने व्यवस्था मिलाउने ।

(घ) संकलन, उत्खनन् भएको परिमाण घाटगद्दी स्थलमा एकिन नापजाँच गरी अनुमतिप्राप्त परिमाण भन्दा बढी उत्खनन्  भएको अवस्थामा थप परिमाणको नियमानुसार लाग्ने राजश्व र जरिवाना समेत बुझाए पश्चात बिक्री अनुमति दिने ।

(ङ) उल्लेखित सूचना वमोजिम कुने एकै स्थानको लागि एकभन्दा बढी निवेदन परेको अवस्थामा छलफल गरी सहमति कायम गरी अन्यथा पहिलो आउनेलाई स्थलगत अनुगमन गरी संकलन,उत्खनन् गर्न दिने व्यवस्था मिलाउने ।

(च) सो घाटहरुमा अनुचित संकलन, उत्खनन् हुन नदिन अनुगमन टोली र सम्बन्धित वडाका जनप्रतिनिधिहरुद्वारा समेत आवश्यक निगरानी गर्ने र आवश्कतानुसार अन्य थप व्यवस्था मिलाउने ।

(छ)निर्दिष्ट क्षेत्रबाट ढुंगा,गिटी, बालुवाको संकलन/उत्खनन् कार्य औजारहरुबाट मात्र सम्भव नदेखिएको अवस्थामा अनुगमन टोली र जिससबाट स्वीकृति/परामर्श लिएर ब्याकलोडरसम्म प्रयोग गर्न सकिने व्यवस्था मिलाउने ।

(छ) नदि,खोला र खहरेमा नदिको बहावले ढुंगा,गिटी, बालुवा तथा माटोजन्य पदार्थ थुप्रिन गई सो को कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न  भएको वा हुनसक्ने भई विपद् सम्वेदनशील क्षेत्रमा मेशिनको प्रयोग गरी सो नदिजन्य पदार्थ बिक्री तथा वितरण गर्नुपर्ने अवस्थामा जिल्ला अनुगमन समिति र जिल्ला विपद् व्यवस्थापन समितिसंग समेत परामर्श र छलफल गरी सो व्यवस्था मिलाउन सिफारिश/अनुरोध गर्ने ।

(ज) ढुंगा,गिटी बालुवाको संकलन, उत्खनन् कार्य यस मापदण्ड र वातावरणीय अध्ययन प्रतिवेदन वमोजिम भए नभएको नियमित अनुगमन गर्न नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत ढुंगा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ९ को उपदफा ७ वमोजिम देहाय वमोजिम कार्यदल गठन गर्ने निर्णय गरियो ।

<u>देहाय:</u>

संयोजकः नगर उपप्रमुख

सदस्यः सम्बन्धित वडाको वडाध्यक्ष

सदस्यः सम्बन्धित प्राविधिक

गुमान सिंह अर्याल

नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०१/१२ गतेको बैठक

सदस्यः नगर प्रहरी प्रमुख

सदस्य सचिवः राजश्व शाखा प्रमुख

(झ) राजश्व परामर्श समितिको मिति २०८१/०१/११ को बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ५: योजना तथा कार्यक्रम संशोधन/ब्रेक डाउन सम्बन्धमा ।

चालु आ.व. २०८०/०८१ का देहायका आयोजना तथा कार्यक्रमलाई देहाय अनुसार ब्रेक डाउन/संशोधन गर्ने निर्णय गरियो ।

देहाय

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १. कृषि पशु प्रवर्द्दन तथा आत्मनिर्भर अभियान कार्यक्रम, बेनपा-२ | ५,००,००० | १.दलित लक्षित आर्थिक सशक्तिकरणको लागि बाखा वितरण अनुदान कार्यक्रम (मिति २०८०/११/३० को कापा बैठकको निर्णय नं ९, १८.१ संशोधन गरिएको) | ५०००० |
| २. दलित लक्षित आर्थिक सशक्तिकरण र अन्य फुटकर कार्यक्रम, बेनपा-२ | ५००००० | २.१ गैरी अस्थायी प्रहरी बिट इन्टरनेट जडान, बेनपा-२<br>२.२ प्रहरी बिटको विद्युत महशुल, बेनपा-२<br>(मिति २०८०/११/३० को कापा बैठकको निर्णय नं ९, २१.१ ब्रेक डाउन गरिएको) | ५१००<br>१५००० |
| ३.फुटकर योजना तथा कार्यक्रम, बेनपा ४ | ५१४००० | ३.१ बालमैत्री वडा घोषणा कार्यक्रम सञ्चालन, बेनपा-४<br>३.२ डस्टबिन र शौचालय सरसफाई सामाग्री खरिद, बेनपा-४ ( आमा समुह भवन,विद्यालय र स्वास्थ्य चौकीको लागि)<br>३.३ नयाँ भर्ना भएको विद्यार्थीहरुलाई विद्यालय पोशाक खरिद, बेनपा-४ | २५००००<br>२५०००<br>१०५०० |
| ४. कृषि औजार/भेटेरीनरी सामाग्री/सीपमूलक तालिम, बेनपा-१ | ३००००० | ४.अनुदानमा धानको वीऊ तथा रासायनिक मल वितरण, बेनपा-१ | ३००००० |
| ५.कुटमेरमको बोट हुँदै बसौलागाउँ | १००००० | ३.झप्रि कमलटमरी हुँदै रानीकुवा | १००००० |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०१/१२ गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| जोड्ने गोरटो बाटो निर्माण बेनपा ३ | | जाने गोरेटोबाटो निर्माण बेनपा ३ | |

**निर्णय नं ६: एकिकृत नगर सेवा प्रणालीको सम्बन्धमा ।**

नगरपालिकाको दैनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई सेवा प्रवाहलाई छिटो छरितो र पारदर्शी बनाउनको लागि नगर विकास कोषद्वारा नगरपालिका वित्त व्यस्थापन तथा क्षमता विकास कार्यक्रम अन्तर्गत तयार पारिएको सूचना प्रविधिमा आधारित "एकिकृत नगर सेवा प्रणाली" को बारेमा यस कार्यपालिका बैठकमा जानकारी भै छलफल हुँदा नगरपालिकाको दैनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन यो प्रणाली उपयोगी हुने देखिएको हुँदा आवश्यक कानूनी र व्यवस्थापकीय कार्य गरी यस प्रणालीलाई प्रयोजनमा ल्याउनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ७: रजिष्ट्रेशन शुल्कको सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ४ को स्वास्थ्य चौकी र बेसीशहर नगरपालिका वडा नं २ को शहरी स्वास्थ्य केन्द्रको लागि आवश्यक जग्गा खरिद कार्यमा निःशुल्क रजिष्ट्रेशन पास गरिदिने व्यवस्थाको लागि मालपोत कार्यालय बेसीशहर लमजुङलाई सिफारिश गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ : योजना तर्जुमा सम्बन्धी बैठकको सम्बन्धमा ।**

चालु आ.व.मा योजना तर्जुमा र कार्यान्वयको सिलसिलामा बसेका तथा बस्ने विषयगत समिति लगायतका अन्य समितिगत बैठकका सहभागीहरुलाई नियमानुसार बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ९ : तालिम सञ्चालन अनुमति सम्बन्धमा ।**

बैदेशिक रोजगार बोर्ड, श्रम तथा सामाजिक सुरक्षा मन्त्रालयको आयोजनामा सञ्चालन हुने ३० दिने विल्डिङ इलेक्ट्रीसियन, मेसोन र प्लम्बिङ तालिमको लागि प्रारम्भिक छनौट प्रक्रियामा परेका संस्थाहरुलाई कार्यक्रम सञ्चालनका लागि अनुमतिका साथ सिफारिश गर्ने निर्णय गरियो ।

**निर्णय नं १० : स्वाथ्य शिविर सम्बन्धमा ।**

चालु आ.व.को स्वास्थ्य तर्फको कार्यक्रम अन्तर्गत प्रजनन् स्वास्थ्य सम्बन्धी शिविर वडा नं १ र ६ को स्वास्थ्य चौकीमा स्वास्थ्य शाखाले नगर प्रमुखसंग परामर्श गरी तोकिएको मितिमा १/१ दिन सञ्चालन गर्ने र त्यसको लागि लमजुङ अस्पतालबाट ३ जना विशेषज्ञ चिकित्सकहरुलाई प्रति चिकित्सक प्रति शिविर रु. ५ हजारका दरले पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ११ : स्वास्थ्य संस्था सञ्चालन सहयोगतर्फको कार्यक्रम सम्बन्धमा ।**

चालु आ.व.को स्वास्थ्य संस्था सञ्चालन सहयोग तर्फ विनियोजित रकम रु. ८ लाख मध्येबाट बेसीशहर नगरपालिका वडा नं २ भकुण्डे स्थित नागरिक आरोग्य केन्द्र (आयुर्वेद सेवा केन्द्र) लाई अन्य स्वास्थ्य संस्था सरह तोकिएका कार्यहरुको लागि रु. ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०१/१२ गतेको बैठक

**निर्णय नं १२ : सूचीकृत हुने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका भित्र रहेका सामुदायिक वन उपभोक्ता संस्थाहरुलाई यस बेसीशहर नगरपालिकामा सूचीकृत हुनको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

गुमानसिंह अर्याल
नगर प्रमुख